नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

**पत्र संख्या :**

चलानी नं. :

## प्रेश विज्ञप्ति

मिति २०७४ मंसिर २७ गतेका दिन बेलुकी करिब ९:३० बजे यस नेपाल स्टक एक्सचेन्ज लिमिटेडको घरायसी नामसारी शाखाको स्टोरमा अचानक विद्युत सर्ट सर्किट हुन गई आगलागी हुन पुगेको छ । आगालागी सुरु भएको जानकारी हुनासाथ सुरक्षा गार्डबाट सम्बन्धित सबै पक्षलाई जानकारी गराई दमकल तथा सुरक्षा निकायको सहयोगमा ९:४५ बजेतिर आगलागी नियन्त्रणमा लिइएको थियो ।

उक्त आगलागीबाट एउटा शाखामा रहेका एयरकन्डिसन, फर्निचर, टेबल, मेच, कम्प्युटरसहित कोठामा रहेका सम्पूर्ण सामान पूर्ण रुपमा क्षति पुगेको छ । दमकल, सुरक्षा निकाय, कर्मचारीलगायतको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको हुँदा नेप्सेको सर्भर, सिस्टम लगायत अन्य प्राविधिक पक्षमा सामान्य असर परेको कारणले धितोपत्रको दोस्रो बजार नियमित कारोबार समय भन्दा दुई घण्टा ढिलो सुचारु गरिएको र सोही अनुसार कारोबार समय थप गरीएको व्यहोरा जानकारी गराइन्छ ।

नेप्से संचालक समितिले यस घटनाको छानविन गर्नका लागि एक समिति समेत गठन गरेको छ । समितिबाट घटना तथा क्षतिको विस्तृत विवरण लिई सोही अनुरुप थप कारवाही अघि बढाइने बेहोरा जानकारी गराउँदै यस असहज परिस्थितिमा सम्पूर्ण सेयर लगानीकर्ता, सेयर सदस्य र सरोकारवाला सबैलाई संयमता अपनाउन नेप्से हार्दिक अपिल गर्दछ ।

**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं, नेपाल ।**
**P. O. Box 1550, UnI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755-59, Fax: 4262538**
**email : info@nepalstock.com**